'गाउँ गाउँमा सुचना र सञ्चारको लागी हाम्रो अभियान'

www.namastekarnali.com

# नमस्ते कर्णाली

Namaste Karnali National Daily राष्ट्रिय दैनिक

वर्ष १ अंक : १८६ आइतवार १८ फागुन, २०८१ 02 (Sunday) March 2025 पृष्ठ ४, मूल्य रु : १०।-

### लुम्बिनी प्रदेश मुख्यमन्त्री द्वारा उद्घाटन

## तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप सुरु
## पहिलो खेलमा आयोजक रेसिङ्ग साहारा क्लब विजयी

■ नमस्ते समचारदाता
कोहलपुर, फागुन/१७

बाँकेको कोहलपुर-२ स्थित तेह्र विगाह खेलकुद मैदानमा तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप-२०८१ सुरु भएको छ। कोहलपुर रेसिङ साहारा फुटबल क्लब,बाँकेको आयोजनामा तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप-२०८१ भएको हो। गोल्डकपको शनिबार एक समारोहकाबीच लुम्बिनी प्रदेश सरकारका मुख्यमन्त्री चेतनारायण आचार्यले उद्धाटन गरे । तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप २०८१ प्रतियोगिताको उद्धाटन गर्दै मुख्यमन्त्री आचार्यले खेलाडीहरुलाई खेलकुदका माध्यमबाट राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा चिनाउनका लागि यो गोल्डकप महत्वपूर्ण रहेको बताए । विदेशी टिम सहभागी हुने प्रतियोगिताले कोहलपुरको मात्र नभएर देशकै



पहिचान बढाउने उनले बताए । 'खेलकुदले व्यक्तिको शरीर स्वस्थ त हुने नै भयो, त्यतिमात्र नभएर आन्तरिक तथा वाह्य खेलप्रेमीहरुलाई यो ठाउँसम्म ल्याएर यहाँको समग्र अवस्थाको पहिचान गराउँदै आर्थिक गतिविधिसमेत चलायमान गराउँछ । खेलाडीहरुले देशकै इज्जत राख्दै अनुशासित र मर्यादित भएर खेल खेल्नुहोस् । रेफ्रीले पनि निष्पक्ष र स्वतन्त्र भएर खेल खेलाउनुहोस् ।' मुख्यमन्त्री आचार्यले भने । उनले गोल्डकप प्रतियोगिता कोहलपुरको मात्रै नभएर प्रदेशकै इज्जतसँग जोडिएको भन्दै प्रदेश सरकारका तर्फबाट के सहयोग गर्न सकिन्छ आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । उक्त अवसरमा बोल्दै कोहलपुर नगरपालिकाका नगरप्रमुख पूर्णप्रसाद आचार्यले मुख्यमन्त्री गोल्डकप कोहलपुरको पहिचान भएको बताए । उनका अनुसार कोहलपुर अर्न्तराष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण छ। स्थानीय सरकारले समेत खेलकुदलाई प्राथमिकता दिएको छ। कोहलपुर रेसिङ साहारा फुटबल क्लबका अध्यक्ष चक्र चिमला क्षेत्रीले खेल पर्यटन प्रवर्द्धन र कोहलपुरलाई खेलकुदको सहरका रुपमा चिनाउनको लागि गोल्डकपको आयोजना गरिएको बताए ।

**आयोजकको विजयी सुरुवात**

शनिबारदेखि सुरु भएको तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप-२०८१ को पहिलो दिन एउटा खेल सम्पन्न भएको छ । गोल्डकपको उद्धाटन पश्चात पहिलो खेल आयोजक कोहलपुर रेसिङ साहारा फुटबल क्लब र लुम्बिनी फुटबल एडेकेमीबीच भएको थियो । पहिलो खेलमा आयोजक कोहलपुर रेसिङ साहारा फुटबल क्लबले लुम्बिनी फुटबल एडेकेमीलाई २-० गोल अन्तरले पराजित गर्दै विजयी सुरुवात गरेको छ । कोहलपुर रेसिङ साहारा फुटबल क्लबलाई जिताउन पहिलो हाफको २१औं मिनेटमा जर्सी नम्बर ११ का निराजनजंग शाहीले गोल गरेका थिए । यस्तै, दोस्रो हाफको ६५औं मिनेटमा आयोजक क्लबै क्षितिज थापाले गोल गरे । शाही र थापाको गोल प्रेरित कोहलपुर रेसिङ साहारा फुटबल क्लबले गोल्डकपमा पहिलो जित दर्ता गर्न सफल भएको हो । लुम्बिनी फुटबल एडेकेमी, घोराही दाङले भने थुप्रै अवसर पाएपनि गोल गर्न नसक्दा पराजित हुन पुगेको छ । पहिलो खेलमा आफ्नो टिमलाई जिताउन पहिलो गोल गरेका कोहलपुर रेसिङ साहारा फुटबल क्लबका निराजनजंग शाही म्यान अफ द म्याद घोषित भए। उनले नगद् पाँच हजार र ट्रफी प्राप्त गरेका छन् । एन्फ रेफ्री गोपी भुजेलका अनुसार गोल्डकपको दोस्रो दिन दिउँसो २ बजे भारतको साहारा फुटबल क्लब र राइजिंङ स्टार फुटबल क्लब नवलपरासीबीच हुनेछ । प्रतियोगितामा घाना र भारतसहित आठ वटा टिमको सहभागिता रहेको छ। घानाको अफ्रिकन राष्ट्र घाना फुटबल क्लब, भारतको साहारा फुटबल क्लबसहित प्लानिङ ब्वाइज युनाइटेड क्लब काठमाडौं, लुम्बिनी फुटबल एकेडेमी घोराही दाङ, कात्रेबिहार फुटबल क्लब सुर्खेत, राइजिङ स्टार फुटबल क्लब नवलपरासी, राइनो फुटबल क्बल गण्डकी प्रदेश र कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको सहभागिता रहेको छ। कोहलपुर रेसिङ साहारा फुटबल क्लब बाँकेको आयोजनामा सुरु भएको प्रतियोगितामा प्रथम हुने टिमले आठ लाख रुपैयाँ र द्वितीय हुने टिमले चार लाख रुपियाँ पुरस्कार पाउनेछन् ।

## पत्रकारिता सशक्तीकरण प्रदेश सरकारको प्राथमिकता: मुख्यमन्त्री आचार्य

■ नमस्ते समचारदाता
दाङ, फागुन/१७

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले पत्रकारिता र आम सञ्चार माध्यमको सशक्तीकरणका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ । शनिबार राप्ती उपत्यका (देउखुरी) मा आयोजित प्रेस चौतारी नेपाल, लुम्बिनी प्रदेश समितिको दोस्रो अधिवेशन उद्धाटन समारोहलाई सम्बोधन गर्दै उनले प्रदेश सरकारले आफ्नो स्थापना कालदेखि नै पत्रकारिता सशक्तीकरणलाई प्राथमिकतामा राख्दै आएको स्पष्ट पार्नुभयो । "पत्रकारिता क्षेत्रको सशक्तीकरण, विकास र प्रवर्द्धनका लागि प्रदेश सरकारले नीति, नियम तथा कानुन निर्माण गर्दा सरोकार वालाहरूसँग छलफल गर्दै आएको छ,'' मुख्यमन्त्री आचार्यले भन्नुभयो, "अहिले रोकिएका विषयहरूबारे म जानकार छु । सरोकार वालाहरूसँगको साझा निष्कर्षका आधारमा अगाडि बढ्नेछौं ।''




उहाँले पत्रकार हितलाई संरक्षण गर्दै प्रवर्द्धनका लागि आवश्यक कानुनी संशोधन गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । "प्रदेश सरकारले पत्रकारिता कल्याणकारी कोष स्थापना गरेर उदाहरणीय काम अघि बढाएको छ,'' उहाँले भन्नुभयो, "पत्रकारिता क्षेत्रलाई निरन्तर प्रोत्साहन दिँदै आएका छौं ।'' मुख्यमन्त्री आचार्यले प्रेस स्वतन्त्रताको नाममा सामाजिक सञ्जालमा फैलिरहेको अराजक प्रवृत्तिप्रति गम्भीर चिन्ता व्यक्त गर्नुभयो । "सामाजिक सञ्जाललाई मर्यादित बनाउन जरुरी छ । अराजकता फैलाउने छुट कसैलाई छैन,'' उहाँले भन्नुभयो ।, "पत्रकारिता क्षेत्रमै विकृति र विसंगति देखिएको छ, यस्तो प्रवृत्तिलाई निरुत्साहित गर्न सबै पक्षको ध्यान जान आवश्यक छ ।'' कार्यक्रममा प्रेस चौतारी लुम्बिनी प्रदेशका अध्यक्ष शोभाखर पन्थीको अध्यक्षता तथा केन्द्रीय अध्यक्ष गणेश बस्नेतको प्रमुख आतिथ्य रहेको थियो । साथै, चौतारीका इञ्चार्ज तथा केन्द्रीय प्रचार विभाग प्रमुख राजेन्द्र प्रसाद गौतम, केन्द्रीय तथा प्रदेश नेतृत्वका अन्य पदाधिकारीहरूको विशेष उपस्थिति रहेको थियो ।

नमस्ते कर्णालीमा लेख, रचना पठाउन
namastekarnali2067@gmail.com 9847246903

### स्व. वीरेन्द्र शाही टी-२० क्रिकेट

## नेशनल क्रिकेट एकेडेमी लम्की १० विकेटले विजयी

■ नमस्ते समचारदाता
कोहलपुर, फागुन/१७

युनाईटेड भिजन क्रिकेट क्लव कोहलपुरको आयोजनामा जारी स्व. वीरेन्द्र स्मृति क्रिकेट प्रतियोगिता अन्तर्गत आज भएको दोस्रो खेलमा नेशनल क्रिकेट एकेडेमी लम्कीले भिक्ट्री भाईपर नेपालगन्जलाई १० विकेटले पराजित गरेको छ । प्रस्तावित अन्तराष्ट्रिय क्रिकेट मैदान कोहलपुरमा भएको खेलमा नेशनल क्रिकेट एकेडेमी लम्कीले उत्कृष्ट बलिङ गर्दै भिक्ट्री भाईपर नेपालगन्जलाइ १०.४ ओभरमा ५२ रनमा अलआउट गरेको थियो । ५२ रनको सामान्य लक्ष्य नेशनल क्रिकेट एकेडेमीले ७.५ ओभरमा विना क्षति ५६ रन बनाउँदै पूरा गरेको हो । नेशनल क्रिकेट



एकेडेमीको लागि कमल बिष्टले अविजित ३६ रन बनाए । यस्तै हेमन्त क्षेत्रीले अविजित १९ रन जोडे । त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको भिक्ट्री भाईपर नेपालगन्ज १०.४ ओभरमा सबै विकेट गुमाएर ५२ रनमा अलआउट भएको थियो । भिक्ट्री भाईपरका लागि सर्बाधीक रिहान सेखले ९ रन बनाए। नेशनल क्रिकेट एकेडेमी लम्कीका हेमन्त क्षेत्रीले सर्बाधिक ४ विकेट लिए भने कवि बमले ३ र सुरेश भण्डारीले २ विकेट लिएका थिए। दोस्रो खेलको प्लेयर अफ द म्याच नेशनल क्रिकेट एकेडेमी लम्कीका हेमन्त क्षेत्री बनेका छन । उनले आफ्नो टिमका लागी १९ रन र ४ विकेट लिएका थिए । नकआउट चरणमा खेलिने खेलमा सि.एम ११ दाङ्ग र भिक्ट्री भाईपर नेपालगन्जले हार बेहोरे संगै स्व. वीरेन्द्र शाहि स्मृति खुल्ला टि२० क्रिकेट प्रतियोगिताबाट बाहिरिएका छन् । भोलि फागुन १८ गते प्रतियोगिताको तेस्रो खेल आयोजक टिम युनाईटेड भिजन क्रिकेट क्लव कोहलपुर र यङ्गगन्ज नेपालगन्ज विच विहान ९ बजे र चौथो खेल एच.सि.ए. काठमान्डौ र घोडाघोडी ११ सुखड कैलाली विच दिउँसो १ बजे हुने आयोजकले जनाएको छ।

# महाकुम्भ पर्व छिमेकबाट सिकौं

कपिल ज्ञवाली

पैँतालीस दिनसम्म चलेको महाकुम्भ महाशिवरात्रिका दिनदेखि समाप्त भएको छ । ६५ करोडभन्दा बढी भक्तजन महाकुम्भमा सहभागी भएको अनुमान छ । आस्थाको महासागरका रूपमा लिइने यसलाई सांस्कृतिक, आध्यात्मिक तथा धार्मिक इतिहासमा सबैभन्दा ठुलो पर्व मानिन्छ । हरेक १२-१२ वर्षमा कुम्भ मेला हुन्छ । १४४ वर्षपछि प्रयागराज महाकुम्भमय बन्यो । भारतका चार प्रमुख धार्मिक स्थल हरिद्वार, प्रयागराज, उज्जैन र नासिकमा प्रत्येक १२ वर्षमा कुम्भ चल्ने गरेको छ । आज पनि, गङ्गा, यमुना र सरस्वती नदीको सङ्गममा स्नान गर्दा जीवनका पापहरूबाट मुक्ति मिल्ने परम्परा छ । महाकुम्भ मेला केवल एउटा धार्मिक उत्सव मात्र नभएर हिन्दु धर्मावलम्बीका लागि एक महत्वपूर्ण अवसर पनि हो । महाकुम्भमा ५० लाख नेपाली भक्तजन पुगेको अनुमान गरिएको छ ।

**छिमेकबाट नेपालले सिक्नु पर्छ**

सबैजसो धार्मिक ग्रन्थमा नेपाल र भारतको उस्तै-उस्तै महिमा पाइन्छ । नेपाल र भारतका हिन्दु तीर्थस्थल एक आपसमा जोडिएका पनि छन् । भारतले ४५ दिने मेलालाई अर्बौं लगानी गरेर संसार चिनाउन सफल भइसक्यो । कुम्भमेला हिन्दु धर्मावलम्बीको एक महान् स्नान पर्व हो । यो मेला पृथ्वीमा जम्मा १२ स्थानमा लगाउन सकिने शास्त्रहरूले उल्लेख गरेका भए पनि हालसम्म जम्मा पाँच वटा स्थान मात्र पत्ता लागिसकेका छन् । ती पाँच स्थानमध्ये भारतका चार ठाउँमा प्रत्येक तीन/तीन


कपिल ज्ञवाली

> नेपालका पशुपतिनाथ, मुक्तिनाथ, रुरुक्षेत्र, त्रिवेणी, देवघाटलगायतका कतिपय तीर्थस्थल नपुगी हिन्दुहरूको धार्मिक यात्रा पूर्ण नहुने भएकाले नेपालले पनि यसको लाभ लिन सक्नु पर्छ । भारतबाट सिधै नेपालको मुक्तिनाथसम्म लैजाने धार्मिक रुट बनाएर दुई देशबिच आवश्यक समझदारी हुन सके नेपाललाई समेत धार्मिक पर्यटनले समृद्ध बनाउन सक्छ ।



वर्षको अन्तरालमा लाग्छ भने एक कुम्भस्थल नेपालमा पर्छ । कुम्भमेला हुने स्थलमा इलाहावाद (उत्तर प्रदेश), उज्जैन (मध्य प्रदेश), नासिक (महाराष्ट्र), हरिद्वार (उत्तराखण्ड) र चतराधाम (बराहक्षेत्र, सुनसरी नेपाल) रहेका छन् । सङ्घ सरकार, लुम्बिनी सरकार र स्थानीय सरकार मिलेर कालीगण्डकी नदीको किनारलाई यसै प्रयोजनका लागि व्यवस्थापन गर्न सक्ने हो भने लाखौं श्रद्धालु रुरुक्षेत्र पुग्न सक्छन् । २०५९ वैशाख १ गतेदेखि नेपालको सुनसरी जिल्लास्थित चतराधाममा समेत लाग्न थालेको छ । महाकुम्भको इतिहास पुरानो छ । केही ग्रन्थका अनुसार सत्ययुगमा पहिलो महाकुम्भ मेला आयोजना भएको मानिन्छ । जसको सुरुवात शङ्कराचार्यले गरेका थिए । जानकारहरूका अनुसार कुम्भको परम्परा हजारौं वर्ष पुरानो हो । हामीले भने पौराणिक र प्रमाणित तीर्थको प्रचार प्रसारमा ध्यान दिन सकेका छैनौं । नजिकको तीर्थ हेंला भन्ने भनाइलाई नेपालले लागु गर्न खोजेको त होइन ? नेपालका पशुपतिनाथ, मुक्तिनाथ, रुरुक्षेत्र, त्रिवेणी, देवघाट लगायतका कतिपय तीर्थस्थल नपुगी हिन्दुहरूको धार्मिक यात्रा पूर्ण नहुने भएकाले नेपालले पनि यसको लाभ लिन सक्नु पर्छ । भारतबाट सिधै नेपालको मुक्तिनाथसम्म लैजाने धार्मिक रुट बनाएर दुई देशबिच आवश्यक समझदारी हुन सके नेपाललाई समेत धार्मिक पर्यटनले समृद्ध बनाउन सक्छ । भारतमा प्रयागराज रहेको उत्तरप्रदेशसँगै सिङ्गो भारतले यसबाट लाभ प्राप्त गर्दा नेपालको धार्मिक पर्यटनमा पनि त्यसको प्रभाव पक्कै पर्छ । यस प्रकारका मेला सरकारको लगानी र आयोजनामा हुन सक्ने हो भने नेपालमा पनि लाखौं धार्मिक तीर्थयात्री तीर्थाटन गर्न आउने बाटो सहज खुल्ने थियो ।

**भारतीय अर्थतन्त्रमा २० खर्ब रुपियाँ बराबरको योगदान**

भारत सरकारले कुम्भमेलाका लागि ७० अर्ब भारतीय रुपियाँ खर्च गर्ने घोषणा गरेको थियो । स्थानीय सञ्चार माध्यमका अनुसार यो मेलाबाट उत्तर प्रदेश राज्य सरकारले २५० अर्ब भारतीय रुपियाँजति राजस्व सङ्कलन गर्ने अनुमान भए पनि त्योभन्दा बढी सङ्कलन भएको बताइएको छ । महाकुम्भ मेलाले भारतीय अर्थतन्त्रमा २० खर्ब रुपियाँ बराबर योगदान गर्ने अपेक्षा गरिएको छ । महाकुम्भकै कारण उत्तर प्रदेशको आर्थिक वृद्धि थप एक प्रतिशतले बढ्ने प्रक्षेपण छ ।

**नेपालका नेतादेखि कलाकार पत्रकारको लर्को**

फागुन १४ अर्थात् शिवरात्रिसम्म चलेको महाकुम्भमा नेपालका नेता महाकुम्भमा स्नान गर्न पुगेका थिए । उनीहरूले पनि पक्कै भारतको तरक्की देखेर केही न केही त मनमा कुरा उब्जाएकै होलान् । नेपालबाट चर्चित सेलिब्रेटीदेखि राजनीतिक व्यक्तित्व पनि स्नानका लागि पुगे । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापा, पार्टीका प्रवक्ता डा. प्रकाशशरण महत, अर्जुननरसिंह केसीलगायत सपरिवार कुम्भ स्नानका लागि पुगेका थिए । क्रिकेटका राष्ट्रिय खेलाडी सोमपाल कामी र करण केसी, कलाकार पूजा शर्मालगायत पनि पुगेर डुबुल्की मारेको तस्बिर सामाजिक सञ्जालमा देख्न पाइन्छ । साथीभाइ, परिवारजन र समूह बनाएर नेपाली प्रयागराजमा स्नानका लागि गएका थिए । युवापुस्तादेखि पुरानो पुस्ता सबै त्यहीँ भेटिए ।

**२५ देशका भक्तजन**

महाकुम्भकै कारण २५ देशबाट भक्तजनको ओइरो लागेको छ । महाकुम्भले भारतको सांस्कृतिक र धार्मिक पर्यटनलाई अन्तर्राष्ट्रिय स्तरमा पुरु-याएको छ । विश्वको ध्यान खिचेको उक्त मेलामा विश्व चर्चित एपल कम्पनीका फाउन्डरकी पत्नी लरेन पावेलले पनि दीक्षा लिएको सार्वजनिक भएको छ । मेलाको सुरुवाती दिनमै आइपुगेकी उनले विश्वमा सनातन धर्म मात्र एउटा मुक्तिको बाटो भएकाले सोही बाटो आफूले पनि रोजेको बताउनुभएको समाचार आएका थिए । मेलामा भुटानी राजा पनि स्नान गर्न पुग्नुभयो भने महाकुम्भमा भारतकी राष्ट्रपति द्रौपदी मुर्मु, प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, रक्षामन्त्री राजनाथ सिंहलगायत धेरै केन्द्रीय मन्त्री, मुख्यमन्त्रीलगायत विशिष्ट व्यक्तिहरूले स्नान गर्नुभयो । त्यसै गरी, अर्बपतिहरू, उद्योगी, बलिउड र खेलकुद सेलिब्रेटी, खेलाडीहरू पनि स्नान गर्न गर्नुभयो भने भारतका खर्बपति व्यापारी रिलायन्स इन्डस्ट्रिजका अध्यक्ष मुकेश अम्बानी र अनिल अम्बानी सपरिवार गएको स्नान गरेका फुटेज समाचार बनेका थिए । महाकुम्भको प्रभावले सडकमा सवारीको चाप अत्यधिक बढेको थियो । प्रयागराजमा बनाइएको पार्किङ भरिभराउ हुँदा २० किलोमिटर टाढै सवारी राखेर स्नानका लागि हिँडेर सङ्गम जानु परेको गुल्मी रुरुक्षेत्र १ की सीता ज्ञवालीको भनाइ छ । 'प्रयागराज तीर्थको पनि राजधानी हो, यो जुनीमा यहाँ स्नान गर्ने सौभाग्य मिल्यो, यो नै सबैभन्दा ठुलो सन्तोष र धर्म हो' उहाँको भनाइ छ । मेलाको भिडको प्रभाव भारतमा त हुने नै भयो । यता नेपालका सबैजसो सीमा क्षेत्रमा समेत होटललगायतका पर्यटकीय ठाउँ अहिले खचाखच भएका छन् । भारतका सबै सडक भिडभाड र जामले श्रद्धालु तनावमा पर्नु परेको छ । बुटवल देवीनगरबाट प्रयागराज पुग्नुभएकी वसन्ता घिमिरेले सडकमा पाएको दुःख बिर्सेर स्नान गरेको आनन्द अनुभूति जीवनको सबैभन्दा स्मरणीय क्षण रहेको बताउनुभयो । दिनमै एक करोडभन्दा बढी व्यक्तिले स्नान गरेको भारतको उत्तर प्रदेश पर्यटन विभागले जनाएको छ । रुपन्देहीबाट प्रयागराज पुग्दा एक जनाको औसतमा पाँच हजार खर्च हुने गर्छ । मेलाको यस अवधिका बिचमा चार वटा दुःखद घटना पनि भए । पहिलो घटना अमृत स्नानका बेला भएको भागदौडमा ३० जनाको मृत्यु भयो भने रुपन्देहीबाट प्रयागराज पुगेर स्नान सकेर घर फर्किंदा सवारी दुर्घटनामा तीन जनाको मृत्यु भयो, त्यस्तै फागुन १० गते प्रयागराजबाटै स्नार सकेर घर फर्किंदै गरेको सवारी दुर्घटनामा परि चार जनाले ज्यान गुमाए । त्यस्तै मेला स्थलमै एउटा टेन्टमा आगलागी पनि भयो ।

*–गोरखापत्र*

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

अदानचुली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
श्रीनगर, हुम्ला

## जनहितमा जारी सन्देश

- आफ्नो घर आगन सफा राखौं ।
- विकास निर्माणको काममा जन सहभागीता जुटाऔं ।
- बालबालिकालाई विद्यालय पठाऔं काममा नलगाऔं ।
- हावाहुरी चल्ने ठाउँमा आगो जथाभावी आगो नबालौं । बाल्नु परे पनि काम सकिना साथ तुरुन्त निभाउने गरौं ।
- छाडा चौपायाहरुलाई नियन्त्रण गरौं ।
- जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, बसाईसराई, व्यक्तिगत घटनाहरू समयमै नै दर्ता गरौं ।
- आफ्नो तिर्नु पर्ने कर समयमै तिरी जरीवाना बाट बचौ ।
- सभ्य समाजको निर्माणमा सहयोग पुऱ्याऔं ।
- दुर्व्यसनबाट बचौं र बचाऔं, घरेलु हिंसा विरुद्ध डटेर लागौं ।
- सार्वजनिक सम्पत्तिको संरक्षण गरौं । हरेक विकास निर्माणका कार्यहरूमा काँधमा काँध मिलाएर अघि बढौं ।
- पालिकाको हरेक विकास निर्माणका कार्यहरूमा सबै पालिकावासीले सहयोग गरौं ।

बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा

जन्म, मृत्यु, विवाह, बसाई सराई र सम्बन्ध विच्छेद लगाएतका व्याक्तिगत घटनाहरू भएको ३५ दिन भित्र गाउँपालिकाको सम्बन्धित वडा कार्यालयमा गई दर्ता गराऔं ।

नाम्खा गाउँपालिका
हुम्ला

# तेस्रो मुख्यमन्त्री कोहलपुर गोल्डकप उद्घाटनका केहि फोटोफिचर





























# सडक मर्मत नहुँदा जोखिम मोलेर यात्रा

नमस्ते समचारदाता

जाजरकोट, फागुन/१७




यहाँका ग्रामीण सडक मर्मत नहुँदा जोखिम मोलेर यात्रा गर्नु परेको छ। जुनीचाँदे, कुसे, बारेकोट गाउँपालिकामा स्थानीय सरकारले खनेका सडक मर्मत नहुँदा जोखिम मोलेर यात्रा गर्नु परेको हो। स्थानीय सरकारको लापर्बाही र बेवास्ताले सडक मर्मत नभएपछि जनताले सहज रूपमा यात्रा गर्न नपाएका हुन्। बारेकोट गाउँपालिकाको पहिलो कार्यकालमा मुल्सामबाहेक सबै गाउँबस्ती सडक सञ्जालमा जोडिए पनि मर्मत नगरी बेवास्ता गरेपछि सर्वसाधारणले सास्ती पाउने गरेका छन्। बारेकोट गाउँपालिका-५ का धीरेन्द्र शाहका अनुसार ग्रामीण बस्तीका जनतामा यातायातको पहुँच पु-याउन खनिएका सडक स्थानीय सरकारले मर्मत नगरेपछि यस्तो अवस्था आएको हो। सदरमुकाम खलङ्गादेखि करिब २८ कोस टाढा रहेको बारेकोट गाउँपालिकादेखि सदरमुकाम आउजाउ गर्न स्थानीयवासी दुई दिन पैदल हिँड्ने गरेका थिए। ट्र्याक खोलेका सडक मर्मत नगरी जबरजस्ती सवारीसाधन सञ्चालनमा आएका छन्। नेपाली कांग्रेसका नेता मुक्तिप्रसाद आचार्यले ग्रामीण बस्ती सडक सञ्जालको पहुँचमा जोडिएपछि स्थानीय उत्पादनलाई बजार लैजान, जटिल तथा सामान्य बिरामी, सुत्केरी, गर्भवती महिलाले समयमा उपचार सेवा पाउन सहज हुने बताउनुभयो। जनता लाभान्वित हुने कार्यक्रमलाई प्राथमिकता दिन स्थानीय तहलाई उहाँले आग्रह गर्नुभयो। बारेकोट गाउँपालिका-५ का केशव रोकायाले सडक मर्मत नगरेपछि सर्वसाधारण बिरामी पर्दा डोकोमा बोकेर प्रस्तावित आधारभूत अस्पताल लिम्सा लैजाने गरेको बताउनुभयो। जनताको आवश्यकताका कार्यक्रम र योजनालाई बेवास्ता गर्दा दुःख पाएको उहाँको भनाइ छ। बारेकोट गाउँपालिका-३, जुम्लाको सिमानासँग जोडिएको बस्ती मुल्सामगाउँ सडक सञ्जालमा नजोडिएपछि सर्वसाधारणले बिरामीलाई घण्टौं हिँडेर लिम्सा अस्पताल ल्याउने गरेका छन्। मर्मत नगरेका सडकमा यातायात व्यवसायीले हचुवाको भरमा महँगो भाडा असुल्ने गरेका छन्। यातायात व्यवस्था कार्यालयले अनुमति नदिएका जीर्ण ग्रामीण सडकमा क्षमताभन्दा बढी यात्रु बोक्ने गरिएको छ। स्थानीय सरकारले सडक मर्मत नगरेपछि यातायात व्यवसायीले मनपरी गर्दा जनताले दुःख पाउने गरेका छन्। अन्नबाली उत्पादन पनि न्यून रहेको बारेकोट गाउँपालिकामा आयतित खाद्यवस्तु उकालोमा बोकेर लैजाने गरिएको छ। सडक बिग्रिएपछि पैदल हिँड्नसमेत समस्या हुने गरेको छ।

# तीन वटा पालिका ऐक्यबद्ध



नमस्ते समचारदाता

डडेलधुरा, फागुन/१७

रङ्गुन जलाधारस्तरीय जल सुशासन समितिको एकीकृत कार्यविधि, २०८१ जारीसहित कार्यान्वयन गर्न तीन वटा पालिका सहमत भएका छन्। डोटी र डडेलधुरा जिल्लाको भूभाग भएर बग्ने रङ्गुन नदी अन्तर्गत जलाधार क्षेत्रको संरक्षण, संवर्धन र दिगो व्यवस्थापन गर्न स्थानीय तह सहमत भएका हुन्। डडेलधुराको परशुराम नगरपालिका, आलिताल गाउँपालिका र डोटीको जोरायल गाउँपालिका सहमत भएर कार्यविधि ल्याएका छन्। परशुराम नगरपालिकाको कार्यालयले आयोजना गरेको जलाधार सुशासन समितिको तेस्रो बैठकबाट कार्यविधि पारित भएको छ। कार्यविधिका बुँदामा रङ्गुन जलाधार क्षेत्रको संरक्षण र विकास, जलसम्बन्धी विवाद समाधान, पानीका मुहानको संरक्षणलगायतका विषय छन्। सिँचाइ तथा जलाधार व्यवस्थापन, नदी र यसका जलाधार क्षेत्रको वातावरण स्वच्छता, वृक्षरोपण, सरसफाइ, फोहोरमैला व्यवस्थापन अभियान सञ्चालन र नदीजन्य पदार्थको उत्खनन आदि पक्षको व्यवस्थापन गर्न कार्यविधि तयार गरिएको हो। जलाधार क्षेत्रमा कार्यान्वयन गरिने कार्यमा परशुराम नगरपालिका तयार रहेर कार्यविधि बनाइएको परशुरामका नगरप्रमुख एवं जलाधार व्यवस्थापन समितिका अध्यक्ष भरतवडायर जोशीले जानकारी दिनुभयो। यसका साथै सार्वजनिक पूर्वाधार निर्माणका क्रममा रङ्गुन जलाधार क्षेत्रको प्राकृतिक स्रोतको संरक्षणका लागि दिगो विकासको अवधारणासहित तीन वटा पालिकाको ऐक्यबद्धता रहेको नगरप्रमुख जोशीले बताउनुभयो। तीन वटै स्थानीय तह अन्तर्गत ११ सदस्यीय सुशासन समिति, सल्लाहकार समिति, आवश्यकता अनुसार प्रत्येक चार महिनामा बैठक र कार्यकाल तीन वटै पालिकाको पालैपालो अध्यक्षता गर्ने परिकल्पना कार्यविधिमा उल्लेख छ। आगामी दिनमा रङ्गुन जलाधार सम्बन्धी कुनै कार्य गर्न आवश्यक परे सहकार्यसहित मिलेर काम गर्ने सम्बन्धमा प्रतिबद्ध रहेको कार्यक्रमका सहभागी स्थानीय साझेदार संस्था (रुडुक) डडेलधुराका कार्यकारी निर्देशक अमर साउदले बताउनुभयो। रङ्गुन जलाधार क्षेत्र अन्तर्गत स्थानीय तहसँगको समन्वय र सहकार्यमा अक्सफाम र रुडुकले सञ्चालन गरेको जलाधार व्यवस्थापन परियोजनाले आवश्यक सहजीकरण र सहयोग गरिरहेको छ। कार्यक्रममा जोरायल गाउँपालिकाका उपाध्यक्ष जमुनादेवी बोहरा, प्रमुख प्रशासकीय अधिकृत, योजना अधिकृत, आलिताल गाउँपालिका र परशुराम नगरपालिकाका वडाध्यक्ष, गैरसरकारी संस्था, नागरिक समाज, जलाधार क्षेत्र अन्तर्गतका विभिन्न खानेपानी, सामुदायिक वन, सिँचाइ समितिका प्रतिनिधि, पानी तथा जलाधारको क्षेत्रमा कार्यरत सरोकारवाला निकाय, अक्सफाम, रुडुक र इमीको सहभागिता थियो।

# हिमपातले नाग्म–गमगढी लोकमार्ग अवरुद्ध

नमस्ते समचारदाता

मुगु, फागुन/१७



हिमाली जिल्ला मुगुमा परेको भारी हिमपातले कर्णाली लोकमार्गअन्तर्गत नाग्म-गमगढी सडक अवरुद्ध भएको छ। बिहीबारदेखि परेको भारी हिमपातले नाग्म-गमगढी सडकअन्तर्गत घुच्चीलेकमा हिमपात हुँदा सडक अवरुद्ध भएको हो। सडक अवरुद्ध भएसँगै जनजीवन प्रभावित भएको छ। यातायात व्यवसायी कमल रोकायाले घुच्चीलेकमा हिउँ जमेकाले मालवाहक र यात्रुवाहक दर्जनौँ सवारीसाधनहरू घुच्चीलेकमै अलपत्र परेको जानकारी दिनुभयो। उहाँका अनुसार घुच्चीदेखि वाँदखोलासम्म सडकमा झण्डै एक फिटभन्दा बढी हिउँ जमेको छ। हिमपातले अलपत्र परेका यात्रु रमेश बुढाका अनुसार बुलबुले र घुच्ची लेकमा बाक्लो हिउँ जमेकाले गमगढी पुग्न नसकेको बताउनुहुन्छ। जिल्ला प्रशासन कार्यालय मुगुका प्रमुख जिल्ला अधिकारी कलमल प्रसाद पाण्डे सडक डिभिजन कार्यालय जुम्लासँग एक्स्काभेटरबाट जमेको हिउँ पन्छाउनलाई समन्वय भएको जानकारी दिनुभयो। आज दिउँसो २ बजे भित्र हिउँ पन्छाउने लक्ष्य राखेको उहाँको भनाइ छ। तर मौसम अझै सुधार नहुँदा गाह्रो परेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, ‘‘व्यवसायी र यात्रुलाई धैर्यका साथ सुरक्षित बस्न आग्रह गर्छु।’’

# असिनापानीले कृषिबालीमा नोक्सान

नमस्ते समचारदाता

कैलाली, फागुन/१७



कैलालीमा शनिबार बिहान परेको असिनापानीले कृषि बालीमा नोक्सान गरेको छ। वर्षासँगै परेको असिनाले मसुरो, गहुँलगायतका कृषिबालीमा नोक्सान गरेको हो। जिल्लाको मध्य र पूर्वी क्षेत्रमा असिना पानी परेको किसानले जनाएका छन्। असिनाले गहुँ र मसुरोलाई क्षति गरेको कैलारी गाउँपालिका-७ का कृषक फूलराज चौधरीले बताउनुभयो। उहाँका अनुसार खेतमा अहिले मसुरो पाक्न थालेको छ। यसैगरी, गहुँ पनि पाक्ने तयारीमा रहेको छ। जिल्लाको कैलारी गाउँपालिका, भजनी नगरपालिका, टीकापुर नगरपालिका, बर्दगोरिया गाउँपालिका लगायतको क्षेत्रमा असिना परेको जनाइएको छ। टीकापुर क्षेत्रमा करिब पाँच मिनेटसम्म असिना परेको टीकापुर नगरपालिका-७ का भोजराज ढुङ्गानाले जानकारी दिनुभयो। उहाँले यो बेला गहुँ पसाउने क्रममा रहेकाले असिनाले फूल झारेका कारण उत्पादन घट्न सक्ने बताउनुभयो। “त्यति धेरै क्षति त भएको छैन”, उहाँले भन्नुभयो, “तर, असिनाले फूल झारेका कारण उत्पादन घट्न सक्छ।”

नमस्ते कर्णाली राष्ट्रिय दैनिक
वार्षिक ग्राहक योजना अब तपाईहरुका बिचमा
प्रत्येकलाई उपहार योजना
अब नमस्ते कर्णालीको वार्षिक
ग्राहक भई तुरुन्तै प्राप्त गर्नुहोस:



आकर्षक भित्ते घडी
यतिमात्र होईन... साथमा बम्पर उपहार



रंगिन टिभी एकजनालाई



१० जनालाई मोबाइल
सम्पर्कका लागि
प्रधान कार्यालय :
...लपुर, न्यरोड बाँके फोन नं. ९८४७२४६९०३
शाखा कार्यालयहरु
नेपालगञ्ज बाँके, सिमिकोट हुम्ला, गमगढी मुगु, खलंगा जुम्ला, मान्म कालीकोट र दुनै डोल्पा

नमस्ते कर्णाली
Namaste Karnali National Daily राष्ट्रिय दैनिक
नमस्ते कर्णाली राष्ट्रिय दैनिकका लागि प्रकाशक/ सम्पादक : अशोक भण्डारी ,प्रधान कार्यालय : कोहलपुर-११ बाँके, शाखा:सुर्खेत,हुम्ला,मुगु,कालिकोट,जुम्ला,डोल्पा,बाजुरा
; Dks{M*$&@^()# OdhMnamastekarnali1@gmail.com मुद्रण: गैरे अपसेट प्रेस (छापाखाना), कोहलपुर, बाँके